NABIL BANK®

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

Nabil Bank
P.O.Box 3729 Teendhara, Durbarmarg
Kathmandu, Nepal
Email : info@nabilbank.com
Tel : (977-1) 4227181, 4221718
Fax : (977-1) 4226905
SWIFT : NARBNPKA
Website : www.nabilbank.com

मिति: २०८०/१०/०७

प.लि.नं.: १-२०४०/०४१

नेपाल स्टक एक्सचेन्ज लिमिटेड

भद्रकाली, काठमाडौं ।

विषय : ३९ औं साधारणसभाको काम कारवाहीको/निर्णय विवरण (माइन्युट) सम्बन्धमा ।

महोदय,

यस नबिल बैंक लिमिटेडको मिति २०८०।०९।१२ मा आर्मी अफिसर्स क्लब भद्रकाली काठमाण्डौंमा सम्पन्न ३९औं वार्षिक साधारणसभाको काम कारवाहीको/निर्णय विवरण (माइन्युट) यसै पत्रसाथ पेश गरिएको व्यहोरा अनुरोध छ ।

भवदीय,

विश्वप्रकाश पौडेल

कम्पनी सचिव

NABIL BANK Head Office Teendhara, Kathmandu

संलग्न:

१. साधारणसभाको काम कारवाहीको/निर्णय विवरण (माइन्यूट) ।

नबिल बैंक लिमिटेडले नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरेको ।

# नबिल बैंक लिमिटेडको
# ३९औं (उनन्चालीसौं) वार्षिक साधारण सभाको
# काम कारबाहीको विवरण (माइन्यूट)

१. **वैधानिक सभा :**

कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम बैंकको ३९औं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री उपेन्द्र प्रसाद पौडेलज्यूको अध्यक्षतामा तल उल्लिखित मिति, स्थान र समयमा बसी देहायका विषयहरू उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो ।

२. **सभाको मिति, स्थान र समय :**

मिति : २०८० साल पौष १२ गते, बिहीबार (२८ डिसेम्बर २०२३) ।
स्थान : आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं ।
समय : बिहान १०:०० बजे प्रारम्भ भई अपराहण २:०० बजे सम्पन्न भएको ।

३. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम बैंकको ३९औं वार्षिक साधारण सभाको सूचना तथा आ.व. २०७९/८० को वार्षिक प्रतिवेदन एवं वित्तीय विवरणहरू समेत शेयरधनीहरूले उपलब्ध गराउनु भएको व्यक्तिगत ठेगानामा पठाउनुका साथै मिति २०८०/०८/१८ र २०८०/०८/२५ को क्रमश: "नयाँ पत्रिका" राष्ट्रिय दैनिक तथा "आर्थिक अभियान" राष्ट्रिय दैनिकमा साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयको सूचना शेयरधनी महानुभावहरूको जानकारीका लागि प्रकाशित गरिएको थियो ।

साधारणसभामा पेश गरिने सञ्चालकको प्रतिवेदन २०७९/८०, आ.व. २०७९/८० को वार्षिक आर्थिक विवरण लगायतका आवश्यक सम्पूर्ण विवरणहरू सहितको वार्षिक आर्थिक विवरण तथा छलफलका अन्य विषयहरू शेयरधनी महानुभावहरूले तिनधारा, दरबारमार्ग, काठमाडौंस्थित बैंकको केन्द्रिय कार्यालय, बैंकको शेयर रजिष्ट्रार नबिल इन्भेष्टमेण्ट बैकिङ्ग लिमिटेडको कार्यालय नक्साल, काठमाण्डौबाट तथा बैंकको वेबसाईट https://www.nabilbank.com/ बाट प्राप्त गरी जानकारी लिन सकिने तथा वार्षिक प्रतिवेदन २०८० साल पौष ०२ गतेको "आर्थिक अभियान" राष्ट्रिय दैनिकमा प्रकाशित

NABIL BANK Head Office Teendhara, Kathmandu

QR Code सम्बन्धी संक्षिप्त सूचना मार्फत् समेत प्राप्त गर्न सकिने व्यवस्था भएको जानकारी सभामा गराइएको थियो ।

४. छलफलको विषय :

(क) सामान्य प्रस्ताव :

१. सञ्चालक समितिको प्रतिवेदन २०७९/८० पारित गर्ने,

२. लेखा परीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त आ.व. २०७९/८० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू स्वीकृत गर्ने,

३. नबिल बैंक लिमिटेडका सहायक कम्पनीहरू 'नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लि.' र 'नबिल स्टक डिलर लिमिटेड (साविक: नबिल सेक्युरिटिज लिमिटेड)' को आ.व. २०७९/८० को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने,

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०८० साल आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको ११ प्रतिशतका दरले हुन आउने रू.२,९७,६२,६९,६४०/२१ बराबरको नगद लाभांश वितरण स्वीकृत गर्ने,

५. आ.व. २०८०/८१ (२०२३/२४) का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने,
(बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(२) अनुसार वर्तमान लेखापरीक्षक SAR Associates Chartered Accountants र P.J. P.N. & Co. Chartered Accountants लाई पुन: नियुक्त गर्न नमिल्ने) ।

(ख) विशेष प्रस्ताव :

१. बैंकको नियमावलीका नियमहरू २क.(झ), ६(९), ९(१), १०(४), १०(५), २०(१) र ३२(२) मा संशोधन स्वीकृत गर्ने तथा प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदलको सुझाव प्राप्त भएमा आवश्यक परिमार्जन, संशोधन तथा समायोजन गर्न सञ्चालक समिति (वा समितिले तोकेको व्यक्ति) लाई अख्तियारी दिने,

२. आ.व. २०७९/८० मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको खर्च कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन गर्ने ।

NABIL BANK Head Office Teendhara, Kathmandu

(ग) विविध

५. उपस्थिति :

५.१ सञ्चालकहरू :

| | | |
|---|---|---|
| १. | श्री उपेन्द्र प्रसाद पौडेल | : अध्यक्ष |
| २. | श्री निर्वाण कुमार चौधरी | : सञ्चालक |
| ३. | श्री मलय मुखर्जी | : सञ्चालक |
| ४. | श्रीमती आशा राणा अधिकारी | : स्वतन्त्र सञ्चालक |
| ५. | श्री अनन्त पौड्याल | : सञ्चालक |
| ६. | श्री प्रविन टिवडेवाला | : सञ्चालक |
| ७. | श्री ए.आर.एम. नजमुस शकिब | : सञ्चालक |

५.२ व्यवस्थापन पदाधिकारी :

| | | |
|---|---|---|
| १. | श्री ज्ञानेन्द्र प्रसाद ढुङ्गाना | : प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री सुजित कुमार शाक्य | : वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत |
| ३. | श्री विनय कुमार रेग्मी | : नायब प्रमुख कार्यकारी अधिकृत |
| ४. | श्री मनोज कुमार ज्ञवाली | : नायब प्रमुख कार्यकारी अधिकृत |
| ५. | श्री भुपेन्द्र पाण्डे | : नायब प्रमुख कार्यकारी अधिकृत |
| ६. | श्री आदर्श बजगाई | : नायब महाप्रबन्धक |
| ७. | श्री रघु कृष्ण श्रेष्ठ | : नायब महाप्रबन्धक |
| ८. | श्री गणेश प्रसाद अवस्थी | : नायब महाप्रबन्धक |
| ९. | श्री ज्ञानेन्द्र प्रताप शाह | : सहायक महाप्रबन्धक |
| १० | श्री सुबोध लोहनी | : प्रमुख- आन्तरिक लेखापरीक्षण विभाग |
| ११. | श्री विश्वप्रकाश पौडेल | : कम्पनी सचिव |

५.३ अन्य :

| | | |
|---|---|---|
| १. | श्री अर्जुन खड्का (सहायक रजिष्ट्रार) | : पर्यवेक्षक- कम्पनी रजिष्ट्रारको कार्यालय |
| २. | श्री श्रीराम पौडेल (नायब सुब्बा) | : प्रतिनिधि- कम्पनी रजिष्ट्रारको कार्यालय |

NABIL BANK
Head Office
Teendhara, Kathmandu

३. श्री सुनीर कुमार ढुङ्गेल : बाह्य लेखापरीक्षक – साझेदार, एस.ए.आर. एसोसिएट्स, चार्टड एकाउन्टेण्ट्स

४. श्री प्रकाश जङ्ग थापा : बाह्य लेखापरीक्षक – साझेदार, पि.जे.पि.एन. एण्ड कम्पनी, चार्टड एकाउन्टेण्ट्स

५.४ शेयरधनीहरूको उपस्थिति

| उपस्थितिको विवरण | जम्मा उपस्थिति | शेयरको प्रतिनिधित्व |
|---|---|---|
| व्यक्तिगत रूपमा उपस्थित | १४७७ | ३५,४०,४५० |
| प्रतिनिधि मार्फत् | ४ | १४,९६,२२,७५७ |
| **जम्मा** | **१४८१** | **१५,३१,६३,२०७** |

६. गणपुरक संख्या

| जम्मा शेयर संख्या | स्वयम् उपस्थित भै प्रतिनिधित्व भएको शेयर (क) | प्रतिनिधिपत्र मार्फत प्रतिनिधित्व भएको शेयर (ख) | जम्मा उपस्थित (क)+(ख) | जम्मा शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|
| २७०,५६९,९६७२९ | ३५,४०,४५० | १४,९६,२२,७५७ | १५,३१,६३,२०७ | ५६.६१% |

७. **सभाको वैधानिकता र सभाको अध्यक्षता :**

७.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरू मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकको ३९औं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको कुल सहभागी संख्या १४८१ रहेको र कुल शेयरको ५६.६१% प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको प्रमाणित गरी प्रचलित कम्पनी कानून अनुसार आजको साधारण सभा वैधानिक भएको सभालाई जानकारी गराउनुभयो ।

७.२ कम्पनी सचिवले शेयरधनी महानुभावहरू लगायत सबैलाई स्वागत अभिवादन गर्दै आसन ग्रहणको कार्यक्रम अगाडि बढाउनुभयो । तत्पश्चात् उहाँले उपस्थित

NABIL BANK Head Office Teendhara, Kathmandu

सञ्चालकहरू, पर्यवेक्षक तथा प्रमुख कार्यकारी अधिकृतको परिचय गराउँदै आसन ग्रहण गर्न उहाँहरूलाई अनुरोध गरी सभाको कार्य अगाडि बढाउनु भयो । तत्पश्चात् कम्पनी सचिवको अनुरोधमा सभाअध्यक्षले पानसमा बत्ती बाली साधारण सभा कार्यक्रमको औपचारिक रूपमा समुद्घाटन गर्नुभयो ।

७.३ बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षले गर्ने व्यहोरा जानकारी गराउँदै बैंकको ३९औं वार्षिक साधारण सभा शुरू गर्न अध्यक्ष श्री उपेन्द्र प्रसाद पौडेलज्यूलाई कम्पनी सचिवले अनुरोध गर्नुभयो ।

८. **३९औं वार्षिक प्रतिवेदनको प्रस्तुति :**

८.१ सभाका अध्यक्षले औपचारिक रूपमा सभा शुरू भएको घोषणा गर्दै सर्वप्रथम सभामा उपस्थित शेयरधनी लगायत सम्पूर्ण महानुभावहरूलाई स्वागत गर्नुभयो र पूर्वनिर्धारित छलफलको विषयसूची अनुसार आ.व. २०७९/८० को सञ्चालक समितिको प्रतिवेदन साधारण सभामा पढेर सुनाउनु भयो । उहाँले वि.स.२०७६ देखि वि.स.२०८० सम्म विगत पाँच वर्षको अवधिमा बैंकले गरेका उपलब्धिहरूलाई प्रमुख सूचकाङ्कको रूपमा तुलनात्मक झलक प्रस्तुत गर्दै बैंकले हासिल गरेका यी उपलब्धिहरूको हकदार सबै शेयरधनी महानुभावहरू रहेको विचार व्यक्त गर्नुभयो । उहाँले समीक्षा वर्ष २०७९/८० मा बैंकले रू. ६ अर्ब ४० करोड खुद मुनाफा आर्जन गरेको र सो रकम अघिल्लो वर्षको तुलनामा ५०.४९ प्रतिशतको वृद्धि भएको जानकारी गराउनुभयो । अघिल्लो वर्षको तुलनामा खुद मुनाफामा उल्लेख्य वृद्धि देखिनुको मुख्य कारण भनेको अघिल्लो वर्षमा बैंकले प्राप्ति गरेको साविकको नेपाल बङ्गलादेश बैंकको मुनाफाको लेखाङ्कन सोझै कोषमा भएकोले हो भन्ने जानकारी सभाअध्यक्षले सभामा गराउनुभयो र त्यहाँबाट प्राप्त भएको खुद मुनाफा रू. ९६ करोड ५२ लाख समेतलाई समावेश गरेर वृद्धिको मापन गर्दा २२.६७% को वृद्धिलाई हेर्दा बैंकको प्रगति अति नै राम्रो भन्न सकिन्छ भन्ने विचार व्यक्त गर्नुभयो । समीक्षा वर्षमा बैंकको कर्जा तथा सापटमा ९.२८% अर्थात् रू. २८ अर्ब ८३ करोडले वृद्धि भएको जानकारी गराउँदै सोही अवधिमा बैंकको निक्षेप दायित्वमा २२.१८% अर्थात् रू. ७३ अर्ब

NABIL BANK Head Office Teendhara, Kathmandu

११ करोडले वृद्धि भएको र लगानीको क्षेत्रमा सोही अवधीमा २७.९६% अर्थात् रू. २० अर्ब ०५ करोडले वृद्धि भएको विवरण सभाध्यक्षले पेश गर्नुभयो ।

समीक्षा वर्षमा, व्यावसायिक कार्यदक्षता सहित उचित वित्तीय व्यवस्थापनको परिणाम स्वरूप बैंकले आफ्नो वासलातमा उल्लेख्य वृद्धि गरेको जानकारी गराउँदै खुद मुनाफाबाट विभिन्न जगेडा कोषहरूमा आवश्यक व्यवस्था गरेपछि बैंकले सञ्चित मुनाफा मार्फत् रू. ११.०० प्रति शेयरका दरले नगद लाभांश बाड्ने प्रस्ताव गरेको व्यहोरा पेश गर्नुभयो । यस वर्ष अपेक्षा गरिएको भन्दा लाभांश वितरण गर्ने क्षमतामा ह्रास आउनुको मुख्य कारण भनेको चुक्ता पूँजीमा भएको वृद्धि तथा समग्र अर्थतन्त्रमा देखिएको मन्दिका कारण व्यापार व्यवसायमा आएको कमीले गर्दा बैंकका ग्राहकवर्गको ऋण चुक्ता गर्न सक्ने क्षमतामा आएको ह्रास नै मुख्य कारण भएको अवगत गराउनुभयो । यसको फलस्वरूप बैंकको सम्भावित नोक्सानी व्यवस्था अत्यधिक वृद्धि भए तापनि यस वर्ष व्यवस्था गर्नु परेको सम्भावित नोक्सानी व्यवस्था आगामी दिनहरूमा हुने अर्थतन्त्रको सुदृढीकरणसँगै फिर्ता हुने विश्वास व्यक्त गर्नुभयो । साथै, मर्जर/एक्विजिसनबाट प्राप्त लाभ तथा एफपिओ जारी गर्दा शेयरधनीले प्राप्त गरेको लाभ रकममा कर सम्बन्धी विषयमा सम्मानित सर्वोच्च अदालतमा बैंक तथा वित्तीय संस्थाहरूका तर्फबाट रिट निवेदन हालिएको र सो सम्बन्धमा पर्न सक्ने कर दायित्वको लागि कोषमा रकम छुट्टयाउनु परेको कारण बैंकको शेयरधनीलाई लाभांश वितरण गर्नसक्ने क्षमता खुम्चिन पुगेको अध्यक्षले सभा समक्ष जानकारी गराउनुभयो । साथै उक्त रिट सम्मानित सर्वोच्च अदालतबाट खारेज हुन गई बैंकले १ अरब ६२ करोड रूपियाँ बराबरको थप कर दायित्व बहन गर्नुपरेको समेत सभा समक्ष जानकारी गराउनुभयो । यद्यपि विगतका वर्षहरूमा बाँडफाँड गरेको नगद लाभांशका साथै बजार पूँजीकरण तथा जेथामा भएको अभिवृद्धि समेतलाई दृष्टिगत गर्दा शेयरधनीहरूले बैंकमा लगानी गर्नुभएको स्थापना कालको चुक्ता पूँजी हालसम्म आउँदा ९६० गुणाले वृद्धि गर्न बैंक सफल भएको सहर्ष व्यक्त गर्नुभयो ।

बैंकले समीक्षा वर्ष २०७९/८० मा मुलुकभर २६५ शाखा र २९८ ए.टि.एम. तथा १९ एक्सटेन्सन काउन्टर मार्फत् आर्थिक/वित्तीय पहुँच पुऱ्याउन सफल भएको जानकारी गराउँदै सभाध्यक्षले गत वर्ष बैंकले ३४ वटा नयाँ शाखा सञ्चालनमा ल्याएको र आ.व.२०८०/८१ मा २ वटा नयाँ शाखा विस्तार गर्ने कार्य योजना बनाएको सभासमक्ष जानकारी गराउँनुभयो । त्यसै गरी नबिल बैंकले

NABIL BANK Head Office Teendhara, Kathmandu

नियमित रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुसार आरुफ्नो कारोबार तथा वित्तीय विवरणहरू प्रकाशित गर्दै आएको र विगतमा विभिन्न निकायहरूबाट पुरस्कृत एवम् सम्मानित हुँदै आएको व्यहोरा समेत शेयरधनी महानुभावलाई अवगत गराउनुभयो । नबिल बैंकले बैंकिङ्ग सेवाका साथै संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत वित्तीय साक्षरता, स्वास्थ्य, शिक्षा, उद्यमशीलता, संस्कृति जर्गेना तथा प्रवर्द्धन, सूचना प्रविधि आदि कार्यक्रमहरू सञ्चालन गरेको जानकारी गराउँदै संयुक्त राष्ट्रसंघको दिगो विकासका लक्ष्य जस्तै गरिबी निवारण, शिक्षा, स्वास्थ्य आदिलाई केन्द्रबिन्दुमा राख्दै व्यवसाय विस्तार गरिरहेको जानकारी सभाध्यक्षले सभा समक्ष गराउनुभयो । बैंकले संयुक्त राष्ट्र संघीय दिगो विकासका लक्ष्यहरूप्रति नेपालको प्रतिवद्धतालाई टेवा पुगोस् भन्ने उद्देश्य सहित वित्तीय बजारमा वातावरणीय, सामाजिक र सुशासन सम्बन्धी मापदण्डहरू एकीकृत गर्ने लक्ष्यका साथ नबिल दिगो बैंकिङ्गको शुरूवात गरेको जानकारी गराउनुभयो । साथै उहाँले पर्यावरणीय, सामाजिक तथा सुशासनका मापदण्डहरू (ESG Standards) लाई परम्परागत बैंकिङ्गमा समायोजन गर्नु नै दिगो बैंकिङ्गको प्रमुख उद्देश्य रहेको अवगत गराउनुभयो । नेपालले सन् २०४५ सम्ममा शून्य कार्बन (Net Zero) उत्सर्जनमा प्रतिबद्धता गरेको सन्दर्भमा बैंकले आरुफ्नो तर्फबाट योगदान गर्नुपर्छ भन्ने उत्तरदायित्व बोध गर्दै आफ्नो व्यवसाय विस्तार समेत सोही लक्ष्य अनुरूप अगाडि बढाइरहेको अवगत गराउनुभयो । नेपालमा विभिन्न कालखण्डमा आइपरेको दैवी तथा प्राकृतिक प्रकोप र महामारीमा नबिल बैंकले अग्रणी रूपमा सहयोगी हातहरू सधैं अघि बढाएको स्मरण समेत उहाँले सभासमक्ष गर्नुभयो । अध्यक्षज्यूले नबिल बैंकले सामाजिक उद्यमशीलता विकासका लागि नबिल सामाजिक उद्यमशिलता कार्यक्रम 'Nabil School of Social Entrepreneurship (Nabil SSE)' सञ्चालनमा ल्याएको जानकारी गराउँदै हाललाई सामाजिक उद्यमशीलतामा प्रमाणपत्र कार्यक्रम र फेलोशिप कार्यक्रम गरी दुई किसिमका कार्यक्रमहरू सञ्चालन गरिरहेको कुरा बताउनुभयो । Nabil SSE अन्तर्गत हाल नेपालका ७ प्रदेशमा सामाजिक उद्यमशिलता मार्फत् सामाजिक मुद्दाहरूको सम्बोधन गर्ने तथा नविनतम् शोच भएका व्यक्तिहरूलाई आवश्यक ज्ञान, सीप, शोच र स्रोतहरू प्रदान गर्न ८ वटा Nabil SSE स्थापना गरिएको जानकारी उहाँले सभालाई गराउनुभयो । बैंकका अन्य सञ्जालहरू सँगसँगै अब्बल सूचना प्रणालीको माध्यमबाट ग्राहकहरूलाई उत्कृष्ट सेवा प्रदान गर्न बैंकले "**n**Bank" (Nabil

NABIL BANK
Head Office
Teendhara, Kathmandu

DigiBank) को रूपमा छुट्टै निकाय (भर्टिकल) स्थापना गरी बैंकको पूर्ण डिजिटलाईजेशनमा ध्यान केन्द्रित गरी कार्यान्वयनमा ल्याइसकेको जानकारी अध्यक्षज्यूले सभालाई गराउनुभयो । सोही सन्दर्भमा, विदेशमा रहेका ग्राहकहरूलाई समेत नबिल मोबाइल बैंकिङ्गको सुविधा प्रदान गर्ने हेतुले अन्तर्राष्ट्रिय फोन नम्बरबाट समेत मोबाइल बैंकिङ्गको सुविधा ग्रहण गर्न सकिने व्यवस्था गरिएको उहाँले जानकारी गराउनुभयो ।

तत्पश्चात् अध्यक्षज्यूले सभा समक्ष चालु आर्थिक वर्ष २०८०/८१ को प्रगति विवरण तथा भविष्यको पूर्वानुमान प्रस्तुत गर्नुभयो । उहाँले नबिल बैंकले आर्थिक वर्ष २०८०/८१ को प्रारम्भदेखि नै सन्तोषजनक एवम् अग्रणी रूपमा व्यवसायको विस्तार अघि बढाएको जानकारी गराउनुभयो । तेस्रो महिनामा अर्थात् २०८० आश्विनमा बैंकको निक्षेप दायित्व रू. ४ खर्ब १९ अर्ब, कर्जा तथा सापट रू. ३ खर्ब ६३ अर्ब तथा लगानी रू. ९३ अर्ब २३ करोड र खुद नाफा रू. १ अर्ब ४७ करोड रहेको व्यहोरा प्रस्तुत गर्दै आषाढ मसान्त २०८० को तुलनामा यो वृद्धि क्रमशः निक्षेप तर्फ रू. १६ अर्ब ८१ करोड अर्थात् ४.१७% र कर्जा तर्फ रू. २३ अर्ब ६० करोड अर्थात् ६.९५% रहेको जानकारी गराउनुभयो । आ.व. २०८०/८१ को पहिलो त्रयमास सम्ममा बैंकको कूल सम्पत्ति रू ५०० अर्बभन्दा बढीको दायरामा पुग्न सफल भएको जानकारी समेत उहाँले गराउनुभयो । यद्यपि, आर्थिक वर्ष २०८०/८१ मा नियमनकारी निर्देशनका कारण खुम्चँदो ब्याजदर अन्तर, बजारमा देखिएका आर्थिक मन्दी, कोभिड १९ को असरलाई उचित व्यवस्थापन गर्ने चुनौती सँगसँगै बढ्दो व्यावसायिक प्रतिस्पर्धाका कारण बैंकिङ्ग व्यवसाय सञ्चालन एवं विस्तार थप चुनौतीपूर्ण हुने आँकलन उहाँले पेश गर्नुभयो । यसका साथै नेपाल राष्ट्र बैंकको नयाँ निर्देशनहरूको प्रभाव आदिले गर्दा चालू आर्थिक वर्षमा सम्पत्तिको गुणस्तरमा परेको प्रभावको फलस्वरूप बैंकको मुनाफामा असर पर्ने अपेक्षा गर्नुभयो । बैंकको प्रमुख चुनौती भनेकै सम्पत्तिको गुणस्तरमा सुधार ल्याउनु, तरलताको उचित व्यवस्थापन गर्नु र कोष तथा गैर कोषमा आधारित कर्जा परिमाणको वृद्धि गरी खुद ब्याज र शुल्क तथा कमिसन आम्दानी वृद्धि गरी आम्दानीको दायरा बढाउनु नै हुनेछ भन्ने उद्घोष समेत सभाध्यक्षज्यूले गर्नुभयो ।

NABIL BANK® Head Office Teendhara, Kathmandu

९. छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरू :

९.१ तत्श्चात् बैंकको आ.व. २०७९/८० को सञ्चालक समितिको प्रतिवेदन, २०८० आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७९/८० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका सम्पूर्ण विषयमाथि आ-आफ्नो मन्तव्य प्रकट गर्नुहुन र सो सम्बन्धमा कुनै प्रश्न तथा सुझाव भए मौखिक/लिखित जानकारी गराउनु हुन अध्यक्षज्यूले शेयरधनी महानुभावहरू समक्ष अनुरोध गर्नुभयो ।

सभामा देहायका शेयरधनी महानुभावहरूले छलफलको क्रममा देहाय अनुसारको प्रश्न तथा सुझावहरू क्रमश: व्यक्त गर्नुभएको थियो :

९.२ छलफलमा सहभागी हुने/लिखित सुझाव दिनुहुने शेयरधनी महानुभावहरूको नाम:

१. श्री लव राज जोशी
२. श्री उत्तम दत्त पाण्डे
३. मेजर श्री कुवेर लाल श्रेष्ठ
४. श्री ध्रुव नेउपाने
५. श्री व्यास कुमार शर्मा
६. श्री ब्रम्ह देव शाक्य
७. श्री उद्धव प्रसाद घिमिरे
८. श्री नरसिंह लाल चँखु
९. श्री भक्ति प्रसाद उप्रेती
१०. श्री चन्द्र नारायण श्रेष्ठ
११. श्री सुदिप श्रेष्ठ
१२. श्री निरूपमा गुप्ता
१३. श्री तारा नाथ सुवेदी
१४. श्री बैजु नाथ रौनियार
१५. श्री जीवन लाल बज्राचार्य
१६. श्री कृष्ण कश्यप (अधिकारी) (लिखित मन्तव्य)

**१०. छलफलमा सहभागी शेयरधनी महानुभावहरूले व्यक्त गर्नुभएका सुझाव, मन्तव्य तथा जिज्ञासाको सारांश :**

- नबिल बैंक समग्र वाणिज्य बैंकहरूमध्ये धेरै सूचकाङ्कहरूमा पहिलो नम्बरमा रहेको धारणा व्यक्त गर्नुभयो ।
- सभाध्यक्षज्यूले सुरूमै शेयरधनीलाई लाभांश वितरण सम्बन्धी अघिल्लो वर्ष गरेको प्रतिबद्धता पूरा गर्न नसकेको भनी जानकारी गराउनुभएकोमा सराहना गर्नुभयो ।
- आगामी वर्ष दशैंभन्दा अगाडि नै साधारणसभा गर्न र लाभांश वितरण गर्न सुझाव दिनुभयो ।

NABIL BANK Head Office Teendhara, Kathmandu

- हालको आर्थिक मन्दीको अवस्थामा अन्य बैंकहरूको तुलनामा ११ प्रतिशत नगद लाभांश दिनु पनि धेरै राम्रो भएको धारणा व्यक्त गर्नुभयो ।
- 'दरिलो भविष्यको लागि दिगोपन' भन्ने बैंकको नारा जस्तै काम गर्न आग्रह गर्नुभयो ।
- चालू आ.व.को हालसम्मको प्रगति विवरण हेर्दा बैंकले निकै राम्रो व्यवसाय गरिरहेको धारणा व्यक्त गर्नुभयो ।
- बैंकले गैरबैङ्किङ्ग सम्पत्ति (NPA) कसरी कम गर्ने र मुनाफा वितरण कसरी वृद्धि गर्ने भन्ने तर्फ ध्यान केन्द्रित गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।
- आ.व. २०७९/०८० मा तरलता, आर्थिक मन्दी, राष्ट्र बैंक र नेपाल सरकारका बिचमा समन्वयको अभाव जस्ता कारणले गर्दा शेयरधनीलाई असर गरेको धारणा व्यक्त गर्नुभयो ।
- बैंकको NPA वृद्धि भई ३.३९% पुगेको हुँदा यसको असर शेयरधनीहरूलाई परेको धारणा व्यक्त गर्दै निष्कृय कर्जालाई कम गर्न र कर्जा नोक्सानी व्यवस्थालाई घटाउने तर्फ कार्य गर्न आग्रह गर्नुभयो ।
- आगामी वर्षदेखि गैह्र बैङ्किङ्ग सम्पत्तिको सूची समेत बार्षिक प्रतिवेदनमा राख्न आग्रह गर्नुभयो ।
- बैंकको विशालनगरमा रहेको जग्गाको यथोचित् संरक्षण गरी कर्पोरेट कार्यालय निर्माण गर्न आग्रह गर्नुभयो ।
- शेयरको बजार मूल्य निरन्तर घटिरहेको सन्दर्भमा अपेक्षा गरे अनुरूप लाभांश प्राप्त नगरेकोमा गुनासो व्यक्त गर्दै शेयरधनीको अपेक्षा अनुसार कार्य गर्न अनुरोध गर्नुभयो ।
- अन्य बैंक वित्तीय संस्था गाभ्ने/प्राप्ति गर्दा खराब कर्जाको अवस्था के कस्तो रहेको थियो भन्ने जिज्ञासा व्यक्त गर्नुभयो ।
- वर्तमान परिस्थिति अनुसार बैंकका कर्मचारी तथा कार्यकारी प्रमुखको तलब सुविधाको समीक्षा र समायोजन गर्नुपर्छ भन्ने विचार व्यक्त गर्नुभयो ।
- सरकारलाई २ अर्ब ८० करोड रूपियाँ राजश्व भुक्तानी गरेको र जाजरकोटका भुकम्प पीडितलाई सहयोग गरेकोमा गर्व लागेको बताउँदै धन्यवाद ज्ञापन गर्नुभयो ।
- शेयरधनीहरूलाई पनि बैंकका विभिन्न कार्यक्रमहरूमा सहभागी गराउन अनुरोध गर्दै सँगसँगै अगाडि बढ्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

NABIL BANK Head Office Teendhara, Kathmandu

- आजको साधारण सभामा प्रस्तुत भएका एजेन्डामा आफ्नो समर्थन रहेको धारणा व्यक्त गर्नुभयो ।
- मर्जर सम्बन्धी एजेन्डा यसपालि नराखेकोमा धन्यवाद तथा बधाई व्यक्त गर्नुभयो ।
- ११ प्रतिशत नगद लाभांश कम भएको भन्दै दु:ख व्यक्त गर्नुभयो र भविष्यमा नगद लाभांश र बोनस शेयर सहित हालभन्दा बढी प्रतिशत लाभांश प्राप्त गर्ने अपेक्षा गर्नुभयो ।
- खराब कर्जाको वृद्धिले गर्दा बैंकको आम्दानीमा नराम्रो असर परेको धारणा व्यक्त गर्दै उक्त कर्जा असुलीमा बैंकको के कस्तो रणनीति रहेको छ ? भन्ने जिज्ञासा व्यक्त गर्नुभयो ।
- बैंकको वासलातको आकार ५०० अर्बको पुगेकोमा धन्यवाद तथा बधाई ज्ञापन गर्नुभयो ।
- झण्डै ७५२ करोड रूपियाँ खुद मुनाफा आर्जन गरेकोमा लेखापरीक्षण पश्चात् ६४० करोड रूपियाँ कायम भई जम्मा ३१८ करोड रूपियाँ मात्र वितरणयोग्य मुनाफा कायम भएकोमा लगभग २९७ करोड रूपियाँ प्रतिफल वितरण गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो ।
- मुख्य खराब ऋणीहरूको सूची वार्षिक प्रतिवेदनमा प्रकाशन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।
- यस वर्षको लाभांश अपेक्षा गरेभन्दा कम भए तापनि बैंकको Performance राम्रो भएको धारणा व्यक्त गर्नुभयो । बैंकको रिजर्भ र Surplus मा वृद्धि भएकोमा खुसी व्यक्त गर्नुभयो ।
- कर्मचारी खर्च स्वेच्छिक अवकाश कार्यक्रम (VRS) र उपदानका कारण बाहेक अन्य ठीकै रहेको धारणा व्यक्त गर्नुभयो ।
- हालको विशेष परिस्थिति नभएको भए बैंकले मुनाफामा छलाङ मार्ने र शेयरधनीले ३०% लाभांश प्राप्त गर्न सक्ने अवस्था रहेको विश्लेषण प्रस्तुत गर्नुभयो ।
- नबिल बैंकले वित्तीय संस्थाहरूको विश्वव्यापी साझेदारीमा स्थापित संस्था Partnership for Carbon Accounting Financials (PCAF) को सदस्यता लिएको तथा दिगो बैंकिङ व्यवसायिक ढाँचा (Sustainable Banking Business Model) अन्तर्गत जलवायु परिवर्तन न्युनीकरणको रणनीति तथा लक्ष्य तर्जुमा गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो ।

NABIL BANK Head Office Teendhara, Kathmandu

- बैंकको अबको यात्रा सहज नभएको धारणा व्यक्त गर्दै Assets quality मा सुधार गर्नुपर्ने, NBA/NPA dispose/clean गर्नुपर्ने, non funded based income (off-balance-sheet-income) लाई वृद्धि गर्नुपर्ने लगायतका सुझावहरू प्रस्तुत गर्नुभयो ।
- पछिल्लो समय देशमा देखिएका कतिपय अराजक तत्वहरूले गर्दा बैंकहरूको खराब कर्जा (NPA) मा वृद्धि हुँदै गएको धारणा व्यक्त गर्नुभयो ।
- सामाजिक उद्यमशीलता विकासका लागि नबिल सामाजिक उद्यमशिलता कार्यक्रम 'Nabil School of Social Entrepreneurship (Nabil SSE)' लाई अझै विस्तार गरी नेपालबाट विदेश गइरहेको ठूलो जनशक्तिलाई नेपालमै बसेर उद्यम गर्न प्रेरित गर्नुपर्ने सुझाव दिनुभयो ।
- दिगो बैंङ्किङ्गका क्षेत्रमा नबिल बैंकबाट गरिएका प्रयासहरू अनुकरणीय र अनुशरणीय रहेको धारणा व्यक्त गर्नुभयो ।
- सरकारलाई १ अर्ब ६२ करोड रूपियाँ कर तिर्नु परेकोमा दु:ख व्यक्त गर्नुभयो ।
- बैंकको वैदेशिक मुद्रा बापतको आय कम भएकोमा गुनासो व्यक्त गर्नुभयो ।
- साधारण सभामा पुराना शेयरधनीहरू (ज्येष्ठ नागरिक) लाई सम्मान गर्ने कार्यक्रम हटाइएकोमा जिज्ञासा व्यक्त गर्दै, त्यसलाई पुन: निरन्तरता दिन आग्रह गर्नुभयो ।
- Market Research मा ध्यान दिन, विदेशमा बैंकको सम्पर्क कार्यालयहरू खोल्न, लेखापरीक्षण समयमै सम्पन्न गर्न तथा आगामी वर्ष बोनस शेयरका साथै नगद लाभांश बराबर हुने गरी लाभांश वितरण गर्न सुझाव दिनुभयो । साथै, अध्यक्षज्यूबाट आगामी वर्षको अपेक्षित लाभांश घोषणा गरिदिन अनुरोध गर्नुभयो ।
- LC Payment तथा रेमिटेन्स (विप्रेषण) बापतको आयमा सुधार गर्नुपर्ने सुझाव दिनुभयो ।
- बैंकले CASA, Reserve, Distributable Profit, ROI, ROA लगायतका सूचकाङ्कमा सुधार गरेको तथा Resource Management मा सुधार गरेको धारणा व्यक्त गर्नुभयो ।
- अबका दिनमा बैंकले कर्जा असुली तथा गैरबैंङ्किङ्ग सम्पत्तिको उचित व्यवस्थापन गरी Cost of Fund घटाउनमा ध्यान केन्द्रित गर्नुपर्ने सुझाव दिनुभयो ।
- बैंकले प्राप्त गरेका विभिन्न Awards तथा Rewards का लागि बधाई ज्ञापन गर्नुभयो ।
- Net Interest Income (NII), Operating Income मा बैंक पहिलो नम्बरमा रहेको, Expenses to NII को ratio ४०% भन्दा तल रहेको र समग्रमा कम खर्च गर्ने

NABIL BANK Head Office Teendhara, Kathmandu

बैंकहरूमध्ये नबिल बैंक दोस्रो नम्बरमा रहेको चर्चा गर्दै गत वर्ष बैंकले ब्याज आम्दानीमा वृद्धि गरी रू. २३ अर्ब पुऱ्याउन सफल भएकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।

- बैंकका सहायक कम्पनीहरू नाफामा रहेकोमा खुशी व्यक्त गर्नुभयो ।
- सम्पत्तिको गुणस्तर सुधारलाई प्राथमिकतामा राख्नुपर्ने, NPL लाई रणनीति नै बनाएर १% भन्दा मुनि झार्नुपर्ने, नोक्सानी व्यवस्था Write back गर्ने कार्यलाई प्राथमिकतामा राख्नुपर्ने लगायतका सुझावहरू प्रस्तुत गर्नुभयो ।
- वार्षिक प्रतिवेदनको पृष्ठ नं. ७१ र १३४ मा एउटै टेबुल प्रकाशित भएकोमा ध्यानाकर्षण गराउनुभयो ।
- गैह्र बैङ्किङ्ग सम्पत्ति सम्बन्धी विवरण तथा अपलेखित कर्जाको साँवा र ब्याज कति हो त्यो पनि वार्षिक प्रतिवेदनमा राख्न सुझाव दिनुभयो ।
- आगामी वर्षदेखि असोज मसान्तभित्रै लेखापरीक्षण प्रतिवेदन तयार गर्न र कार्तिकमा साधारण सभा गर्न आग्रह गर्नुभयो ।
- पछिल्लो समय बैंक वित्तीय संस्थाहरूले सामना गर्नुपरेका समस्या समाधान गर्नका लागि NBA र CBFIN मार्फत् पहल गर्नुपर्ने र सरकारले ती निकाय मार्फत् आएका गुनासाको सुनवाइ गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।
- बैंकले गतवर्षको वितरणयोग्य मुनाफाबाट आ.व. २०७९/८० को लागि रु.११ प्रतिशेयरका दरले शेयरधनीहरूलाई नगद लाभांश वितरण गर्ने प्रस्तावलाई सहर्ष अनुमोदन गर्दै देशको विषम परिस्थितिमा पनि बैंकले प्रतिफल दिन सकेकोमा धन्यवाद व्यक्त गर्नुभयो ।
- अध्यक्षज्यूको प्रतिवेदनमा आजको मिति उल्लेख हुनुपर्ने धारणा व्यक्त गर्नुभयो ।
- बार्गेन पर्चेजको विवरण वार्षिक प्रतिवेदनमा राख्न सुझाव दिनुभयो ।
- संस्थापक शेयरधनीहरूको शेयर धितोस्वरूप लिएको कर्जा विवरण वार्षिक प्रतिवेदनमा उल्लेख हुनुपर्ने सुझाव पेश गर्नुभयो ।
- बैंकहरूले दिने प्रतिफल घट्दै गएको धारणा व्यक्त गर्नुभयो तथा नगद लाभांशको सट्टा बोनस शेयर दिनुपर्ने सुझाव पेश गर्नुभयो ।
- समग्रमा बैंकका सबै Financial Indicators राम्रो भएको धारणा व्यक्त गर्दै बढ्दै गएको खराब कर्जा (NPL) र खर्चलाई घटाउन सुझाव दिनुभयो ।

NABIL BANK'S Head Office Teendhara, Kathmandu

- यस वर्ष बढेको कर दायित्व र Loan Loss provisoin का कारणले सोचे जस्तो लाभांश प्राप्त गर्न नसकिएको भए तापनि आगामी वर्ष बढी प्रतिफल प्राप्त हुने अपेक्षा गर्नुभयो ।
- अघिल्ला वर्षभन्दा यस वर्ष साधारण सभा राम्रोसँग व्यवस्थापन गरी आयोजना गर्न सकेकोमा धन्यवाद व्यक्त गर्नुभयो ।
- महिला उद्यमीतर्फ NPA कम भएको हुनाले लगानीको क्षेत्र महिला उद्यमी तर्फ विस्तार गर्न आग्रह गर्नुभयो ।
- केही ठूला कर्पोरेट ऋणीमा मात्र केन्द्रित भएर ऋण प्रवाह गर्नु उचित नहुने र साना ऋणीहरूलाई कर्जा प्रवाह गर्नमा ध्यान दिनुपर्ने सुझाव व्यक्त गर्नुभयो ।
- बैंकले पर्यावरण संरक्षणमा विशेष जोड दिएको, वृक्षारोपण गरेको, हरित सप्ताह मनाएको र कर्मचारीले एक हप्ता वा १५ दिनमा कम्तीमा एक पटक हरियो पोशाक लगाउने अभ्यास राम्रो भएको र अन्य बैंकहरूले पनि यस्तो अभ्यास अनुशरण गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।
- बैंकमा गत वर्ष आएका गुनासोको सुनुवाइका सम्बन्धमा जिज्ञासा राख्दै बैंकका कर्मचारीहरूलाई गुनासो नआउने गरी काम गर्न सुझाव दिनुभयो ।
- वीरगञ्ज कारागारमा रहेका कैदी बन्दीहरूका बालबालिकालाई पढाउने विद्यालयलाई बैंकका तर्फबाट CSR अन्तर्गत सहयोग गरिदिन अनुरोध गर्नुभयो ।
- बैंकको आम्दानी गत वर्षको तुलनामा बढेको भए तापनि खर्च घटाउने तर्फ ध्यान दिन नसकिएको धारणा व्यक्त गर्नुभयो ।
- बैंकको सुधारका लागि तुरून्तै Corrctive Action लिनुपर्ने र आगामी वर्ष सुधार गरेर अगाडि बढ्नु पर्ने सुझाव प्रस्तुत गर्नुभयो ।
- बैंक स्थापनाको ३९ वर्ष पुगिसकेको सन्दर्भमा बैंकको समग्र प्रगति हेर्दा नराम्रो भन्न नमिल्ने र प्रतिफलको दर बढाउनु पर्ने सुझाव दिनुभयो ।
- लेखापरीक्षकको प्रतिवेदन पनि नेपाली भाषामा बनाउन सुझाव दिनुभयो ।
- सञ्चालक समिति र लेखापरीक्षण समितिको बैठकको संख्या बढी भएकाले घटाउन सुझाव दिनुभयो ।
- लैङ्गिक हिसाबले महिला र पुरूष कर्मचारीको संख्या के कति रहेको छ ? भन्ने जिज्ञासा प्रस्तुत गर्नुभयो ।

NABIL BANK Head Office Teendhara, Kathmandu

११. साधारण सभामा शेयरधनी महानुभावहरूले प्रकट गर्नुभएको सुझाव, जिज्ञासा एवं प्रश्नहरूको अध्यक्षले दिनुभएको जवाफ :

शेयरधनी महानुभावहरूले प्रकट गर्नुभएका महत्वपूर्ण सुझाव, जिज्ञासा एवं प्रश्नहरूको संक्षिप्त जवाफ दिँदै सञ्चालक समितिका अध्यक्ष श्री उपेन्द्र प्रसाद पौडेलले सम्पूर्ण शेयरधनीहरूलाई धन्यवाद दिनुभयो र यस साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरूबाट प्राप्त भएका सम्पूर्ण सुझाव, जिज्ञासा र प्रश्नहरू बैंकका लागि आगामी दिनमा मार्गदर्शनका रूपमा रहने जानकारी गराउँदै प्राप्त सुझावहरूलाई यथाशक्य सम्भव भएसम्म कार्यान्वयन गर्दै आफ्ना कमीकमजोरीहरूलाई सुधार गर्दै अगाडि बढ्न बैंकको सञ्चालक समिति तथा व्यवस्थापन प्रतिबद्ध रहेको जानकारी समेत सभासमक्ष व्यक्त गर्नुभयो । यस वर्ष उत्पन्न भएका करको अनपेक्षित दायित्व, सरकारी खर्च तथा ठेकेदारहरूको ऋण तिर्ने क्षमतामा भएको ह्रास, समग्रमा ग्राहकवर्गको ऋण तिर्ने क्षमतामा कमी, आर्थिक मन्दी, loan loss provision मा भएको वृद्धि तथा विगतमा कोभिड १९ को कारणले देशको चौतर्फी व्यापार व्यवसायमा पारेको प्रभाव लगायतका विभिन्न जटिल र प्रतिकूल परिस्थितिहरूले गर्दा अपेक्षा गरिए अनुरूप शेयरधनीहरूलाई लाभांश वितरण गर्न नसकिएको भए तापनि आगामी वर्ष परिस्थिति सुधार भएका खण्डमा राम्रो लाभांश वितरण गर्न सकिने अपेक्षा व्यक्त गर्नुभयो । यस वर्ष आफ्नो नियन्त्रणभन्दा बाहिरका परिस्थितिजन्य कारणहरूले बैंकको लाभांश वितरण कम भएको हुँदा शेयरधनी महानुभावहरूमा धैर्य राख्न अनुरोध गर्नुभयो । तत्पश्चात् अध्यक्षज्यूले बैंकका प्रमुख कार्यकारी अधिकृत श्री ज्ञानेन्द्र प्रसाद ढुङ्गानालाई शेयरधनीले उठाएका विभिन्न जिज्ञासा तथा सुझावका सम्बन्धमा आफ्नो विचार राख्न अनुरोध गर्नुभयो ।

बैंकका प्रमुख कार्यकारी अधिकृत श्री ज्ञानेन्द्र प्रसाद ढुङ्गानाले शेयरधनी महानुभावका विभिन्न जिज्ञासाहरूको जवाफ दिनुभयो । उहाँले देशको आर्थिक, राजनीतिक, सामाजिक लगायतका विभिन्न परिस्थितिजन्य कारणहरूले समग्र बैंङ्किङ्ग क्षेत्र विगतको तुलनामा सबैभन्दा चुनौतीपूर्ण अवस्थाबाट गुज्रिरहेको धारणा व्यक्त गर्नुभयो । साथै, यो अवस्थामा विस्तारै सुधार हुँदै जाने अपेक्षा समेत व्यक्त गर्नुभयो । शेयरधनी महानुभावबाट प्राप्त भएका सल्लाह सुझावलाई मनन गर्दै तिनलाई आगामी दिनमा मार्गदर्शनका रूपमा लिएर अगाडि बढ्ने प्रतिवद्धता समेत उहाँले व्यक्त गर्नुभयो । साथै, उचित मार्गदर्शन तथा सुझाव एवं व्यवस्थापनप्रतिको विश्वासका लागि शेयरधनी, अध्यक्षज्यू लगायत सम्पूर्ण सञ्चालक समितिप्रति धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्नुभयो ।

NABIL BANK
Head Office
Teendhara, Kathmandu

१२. सभाको निर्णय :

(क) सामान्य प्रस्ताव तर्फ :

१. **सञ्चालक समितिको प्रतिवेदन २०७९/८० पारित गर्ने ।**

सभामा प्रस्तुत आ.व. २०७९/८० को सञ्चालक समितिको प्रतिवेदन अध्यक्षबाट स्वीकृतिका लागि सभा समक्ष प्रस्ताव राखिएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रतिवेदन पारित गऱ्यो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त आ.व. २०७९/८० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू स्वीकृत गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त आ.व. २०७९/८० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू पारित गरियोस् भनी अध्यक्षबाट सभा समक्ष प्रस्ताव पेश गरिएकोमा सभाले वित्तीय अवस्थाको विवरण लगायतका सम्पूर्ण वित्तीय विवरणहरू सर्वसम्मतिबाट पारित गऱ्यो ।

३. **यस नबिल बैंक लिमिटेडका सहायक कम्पनीहरू 'नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड र नबिल स्टक डिलर लिमिटेड (साविक : नबिल सेक्युरिटिज लिमिटेड)' को आ.व. २०७९/८० को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने ।**

नबिल बैंक लिमिटेडका सहायक कम्पनीहरू 'नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड र नबिल स्टक डिलर लिमिटेक (साविक : नबिल सेक्युरिटिज लिमिटेड)' को आ.व. २०७९/८० को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण स्वीकृत गरियोस् भनी अध्यक्षबाट सभा समक्ष प्रस्ताव पेश गरिएकोमा सो एकीकृत वित्तीय विवरण सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

४. **सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०८० आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको ११% का दरले हुन आउने रु.२ अर्ब ९७ करोड ६२**

NABIL BANK Head Office Teendhara, Kathmandu

लाख ६९ हजार ६ सय ४० रूपैयाँ २१ पैसा बराबर नगद लाभांश स्वीकृत गर्ने ।

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७९ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको ११% का दरले हुन आउने जम्मा रु.२ अर्ब ९७ करोड ६२ लाख ६९ हजार ६ सय ४० रूपैयाँ २१ पैसा बराबर नगद लाभांश वितरण गर्ने स्वीकृतिको निमित्त अध्यक्षबाट सभा समक्ष प्रस्ताव पेश गरिएकोमा सभाले सर्वसम्मतिबाट प्रस्ताव स्वीकृत गर्‍यो ।

५. **आ.व. २०८०/८१ (२०२३/२४) का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८०/८१ का लागि लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी अध्यक्षले सभा समक्ष प्रस्ताव पेश गर्नुभएकोमा सभाले लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक श्री **B.R.S. Neupane & Co.** का तर्फबाट FCA श्री ज्ञानेन्द्र बहादुर भारीलाई आ.व. २०८०/८१ का लागि बैंकको लेखापरीक्षक नियुक्त गरी जम्मा रू. ४० लाख ११ हजार ५ सय (अघिल्लो वर्षकै दरमा मूल्य अभिवृद्धि कर सहित अक्षरेपी रुपैयाँ चालीस लाख एघार हजार पाँच सय मात्र) पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गर्‍यो ।

(ख) विशेष प्रस्तावतर्फ :

१. **बैंकको नियमावलीका नियमहरू २क.(झ), ६(९), ९(१), १०(४), १०(५), २०(१) र ३२(२) मा संशोधन स्वीकृत गर्ने तथा प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदलको सुझाव प्राप्त भएमा आवश्यक परिमार्जन, संशोधन तथा समायोजन गर्न सञ्चालक समिति (वा समितिले तोकेको व्यक्ति) लाई अख्तियारी दिने ।**

बैंकको नियमावलीका नियमहरू २क.(झ), ६(९), ९(१), १०(४), १०(५), २०(१) र ३२(२) मा संशोधन स्वीकृत गर्नका लागि अध्यक्षबाट सभा समक्ष विशेष प्रस्ताव पेश गरिएकोमा सभाले उल्लिखित सम्पूर्ण विशेष प्रस्तावहरू तपशील बमोजिम सर्वसम्मतिबाट पारित गर्‍यो:

NABIL BANK® Head Office Teendhara, Kathmandu

## नियमावलीमा संशोधन :

- नियमावलीको नियम २क.(झ) मा रहेको "उपाध्यक्ष"को परिभाषा सम्बन्धी व्यवस्थालाई हटाउने :

  नियमावलीको नियम २क.(झ) मा रहेको प्रावधान हटाइएको ।

- नियमावलीको नियम ६ को उपनियम (९) लाई देहाय बमोजिम संशोधन गर्ने :

  साधारण सभा बस्ने समय तोकिएको समयभन्दा आधा घण्टा पछिसम्म पनि गणपूरक संख्या नपुगेमा शेयरधनीहरूको आग्रहमा सभा बसेको भए सभा विघटित हुनेछ र सञ्चालक समितिले शेयरधनीहरूलाई सूचना दिए अनुसारको अर्को कुनै दिन, समय र स्थानमा सभा हुने कुरा तोक्नेछ । यसरी स्थगित गरिएको सभामा गणपूरक संख्या नपुगेमा उपस्थित शेयरधनीहरूबाट नै गणपूरक संख्या पूरा भएको सम्झनु पर्छ र जुन कामको लागि सभा बोलाइएको हो सो काम गर्न सकिनेछ ।

- नियमावलीको नियम ९ को उपनियम (१) लाई देहाय बमोजिम संशोधन गर्ने:

  अध्यक्ष वा प्रमुख कार्यकारी अधिकृत वा कम्पनी सचिवले कुनै पनि समयमा वा सञ्चालक समितिले अधिकार दिएको कुनै पदाधिकारीले सञ्चालकको कुल संख्याको २५(पच्चीस) प्रतिशत सञ्चालकले छलफल गर्ने विषय खोली लिखित रूपमा अनुरोध गरेमा समितिको बैठक बोलाउन सक्ने छन् ।

- नियमावलीको नियम १० को उपनियम (४) लाई देहाय बमोजिम संशोधन गर्ने:

  सञ्चालकहरूले आफू मध्येबाट एक जना अध्यक्ष छान्ने छन् ।

- नियमावलीको नियम १० को उपनियम (५) लाई देहाय बमोजिम संशोधन गर्ने:

  सञ्चालकहरूको सबै बैठकको अध्यक्षता अध्यक्षले गर्नेछन् । तर सञ्चालकहरूको बैठक तोकिएको समयमा अध्यक्ष उपस्थित नभएको

NABIL BANK Head Office Teendhara, Kathmandu

अवस्थामा मात्र बैठकको अध्यक्षताका लागि सञ्चालकहरूले आफूमध्ये एक व्यक्तिलाई रोज्ने छन् ।

- <u>नियमावलीको नियम २० को उपनियम (१) लाई देहाय बमोजिम संशोधन गर्ने:</u>

  प्रमुख कार्यकारी अधिकृत कम्पनीको प्रमुख कार्यकारिणी अधिकृत हुनेछ र निजलाई सञ्चालक समितिले नियुक्त गर्नेछ । प्रमुख कार्यकारी अधिकृत सञ्चालक समितिको निर्णयानुसार बैंकको व्यवस्थापन, प्रशासन र कारोबारका लागि जिम्मेवार हुनेछ । तर बैंक र कुनै निकायबीच प्रबन्धपत्रको दफा ९(७) वा यस नियमावली अनुसार प्राविधिक सेवा सम्झौता भएको अवस्थामा प्रमुख कार्यकारी अधिकृत सोही सम्झौतामा उल्लेख भए बमोजिम नियुक्त हुन सक्नेछ ।

- <u>नियमावलीको नियम ३२ को उपनियम (२) लाई देहाय बमोजिम संशोधन गर्ने:</u>

  बैंकले छापको प्रयोग गर्न आफ्नो साधारण छापको प्रतिकृति बनाउन सक्नेछ । साथै, बैंकले विभिन्न शाखा/उपशाखा/कार्यालयहरूको छाप प्रतिकृति समेत बनाउन सक्नेछ । यस प्रकारको छाप प्रतिकृति बनाउँदा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त शाखा/उपशाखा/कार्यालयहरूको नाम छाप भित्रको Head Office लेख्ने ठाउँमा लेख्नुपर्नेछ र मूल छापमा ठेगाना उल्लेख भएको ठाउँमा सम्बन्धित कार्यालयको ठेगाना उल्लेख गर्नुपर्नेछ । साथै, नेपाल बाहिरका लागि प्रयोग गर्न बैंकले बैंकको साधारण छापको प्रतिकृति सरह यसको प्रयोग हुने मुलुक र ठाउँको नाम लेखी उल्लेख भएको आधिकारिक छाप राख्न सक्नेछ ।

  साथै उपर्युक्त बमोजिमको नियमावलीको संशोधनमा नियमनकारी निकायबाट फेरबदलको सुझाव प्राप्त भएमा आवश्यक समायोजन गर्न सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार दिने समेत सभाले सर्वसम्मत निर्णय गऱ्यो ।

NABIL BANK Head Office Teendhara, Kathmandu

४. आर्थिक वर्ष २०७९/८० मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको खर्च कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन गर्ने ।

आ.व. २०७९/८० मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको वित्तीय विवरणको अनुसूची ४.३७ मा उल्लिखित खर्च कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन गर्न अध्यक्षले सभा समक्ष विशेष प्रस्ताव पेश गर्नुभएकोमा सभाले सर्वसम्मतिबाट सो को स्वीकृति प्रदान गर्‍यो ।

(ग) विविध :

यस अन्तर्गत छलफलको कुनै विषय नभएको ।

१४. धन्यवाद ज्ञापन :

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षले शेयरधनी महानुभावहरू सकारात्मक तथा सक्रिय रूपले सहभागी हुनुभई बैंकको प्रगतिका लागि आवश्यक मार्गदर्शन समेत प्रदान गरिदिनुभएकोमा तथा ३९औं वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई सभामा उपस्थित हुनुभएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरू, लेखापरीक्षक, पर्यवेक्षक, आमन्त्रित व्यक्तित्वहरू, नियमनकारी निकायका प्रतिनिधि लगायत यस सभालाई सफलतापूर्वक सञ्चालन तथा सम्पन्न गर्न योगदान गर्नुहुने सम्बन्धित सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

१५. सभा विसर्जन

तत्पश्चात् अध्यक्षले सभा सफलतापूर्वक सम्पन्न भएकोमा सबैलाई धन्यवाद तथा बधाई ज्ञापन गर्दै दिउँसो ०२:०० बजे सभा विसर्जन गर्नुभयो ।

---------------

विश्वप्रकाश पौडेल
(कम्पनी सचिव)

NABIL BANK Head Office Teendhara, Kathmandu

---------------

उपेन्द्र प्रसाद पौडेल
(अध्यक्ष)